दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



# मासु व्यवसायीको आन्दोलनमा दलहरू र संघ–संस्थाको साथ

**एमालेसहित ६ राजनीतिक दल र केही संघसंस्थाले व्यवसायीका माग पूरा नहुञ्जेल आन्दोलनलाई दृढतापूर्वक साथ दिने प्रतिबद्धता जनाउँदै अनुगमन 'आतंक' बन्द गरी सर्वपक्षीय वृहत् छलफलबाट निकास खोज्न उप–महानगरलाई आग्रह गरेका छन् ।**

टिआर शर्मा
*बुटवल*




सार्वजनिक-निजी-उत्पादक साझेदारी (फोर पी) अवधारणामा सञ्चालन गर्ने पूर्व सहमति तोडेर निजी कम्पनीलाई ठेक्का दिएको विरोधमा पसल बन्द गरेर आन्दोलनमा रहेका मासु व्यवसायीलाई नेकपा एमालेसहित बुटवलमा क्रियाशील ६ राजनीतिक दल र विभिन्न संघसंस्थाले साथ दिने प्रतिबद्धता जनाएका छन् ।

किसान र मासु व्यवसायीको सहभागिता विना वधशाला कुनै हालतमा चल्न नसक्ने भन्दै उनीहरुले फोर पी मोडलमा सञ्चालनको सुनिश्चित नहुँदासम्म व्यवसायीसँगै अग्रमोर्चामा उभिएर उप-महानगरसँग लड्ने स्पष्ट पारेका छन् ।

उनीहरुले निश्चित कम्पनी बाहेक अरुले मासु व्यवसाय गर्न नपाउने र खसी बोका बाहेक अरु पशु पंक्षीको वधबारे उल्लेख नगरी बनेको वधशालासम्बन्धी ऐन विभेदकारी, अवैज्ञानिक र अपुरो रहेकाले ऐन संशोधन गर्नुको विकल्प नभएको समेत स्पष्ट पारे ।

ठेक्का पाएको निजी कम्पनी मुक्तिनाथ लाइभस्टक प्रालिमा खसी बोका वध गर्न व्यवसायी नगएपछि र किसानले खसी बोका नदिएपछि सकसमा परेको वधशाला चलाउन उप-महानगरले अनुगमनको नाममा व्यवसायीमाथि महँगो जरिवाना गरेर दुख दिन थालेपछि व्यवसायी एक हप्तादेखि आन्दोलित छन् ।

मासु व्यवसायी संघ नेपाल रुपन्देहीले आफ्नो आन्दोलनबारे राजनीतिक दल र संघसंस्थासँग शनिबार बुटवलमा गरेको अन्तर्क्रियामा नेकपा एमालेका नेताहरुले फोर पी मोडलमा चलाउने गरी वधशाला निर्माण प्रकृया एमाले सरकारकै पालामा अघि बढेको, तर मेयर खेलराज पाण्डेय नेतृत्वमा आएपछि पूर्व सम्झौता तोडेर टेण्डरका नाममा निजी कम्पनीलाई दिनु किसान र व्यवसायीमाथि धोका भएको भन्दै यो आन्दोलन आफूहरुको पनि आन्दोलन भएको स्पष्ट पारे । व्यवसायीलाई एक्लो महसुस नगर्न भन्दै नेताहरुले आन्दोलन सफल बनाउन जुनसुकै मूल्य चुकाउने बताए । नेकपा माओवादी केन्द्र, विप्लव नेतृत्वको नेकपा, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा र राप्रपाका नेताहरुले पनि व्यवसायीका सबै माग जायज र न्यायोचित भएको भन्दै आन्दोलनमा ऐक्यबद्धता जाहेर गरे ।

नेकपा एमालेका नेता एवं बुटवलको मेयर पदका उप-विजेता बाबुराम भट्टराईले सार्वजनिक-निजी साझेदारी मोडलमा बुटवलको नमूना वधशाला सञ्चालन गर्ने तयारीका साथ किसान र मासु व्यवसायीबाट दुई करोड धरौटी लिएर वार्षिक शुल्क समेत निर्धारण भइसकेपछि बदनियतपूर्वक सम्झौता तोडेर निजी कम्पनीलाई ठेक्का दिनु बुटवल उप-महानगरपालिका नेतृत्वको कच्चा निर्णय भएको र यसभित्र थुप्रै आशंका रहेको बताए ।

'निजी कम्पनीको जिम्मामा सुम्पिएको वधशाला चलाउन अनुगमनको नौटंकी गर्दै मासु व्यवसायीलाई आतंकित बनाइएको छ, ५० हजारसम्म जरिवाना गरेर मासु व्यवसायीलाई विस्थापित गर्ने चाल बुटवल उप-महानगरपालिकाले चालेपछि मासु व्यवसायी न्यायको लागि आन्दोलनमा छन्, उनीहरुको यो न्यायिक आन्दोलनप्रति एमालेको पूर्णरुपमा समर्थन छ,' भट्टराईले भने-'बुटवलमा व्यवसाय गरेर खान पाउने वातावरण बनाउन र सार्वजनिक निजी उत्पादक साझेदारी मोडलमा वधशाला चलाएर स्वच्छ मासु खान पाउने उपभोक्ताको अधिकार सुनिश्चित गरौं ।'

झण्डै २३ करोडमा बनेको वधशालामा अधिकांश लगानी लुम्बिनी प्रदेश सरकार, हेफर इन्टरनेशनलको रहेको उल्लेख गर्दै भट्टराईले यो लगानी कुनै कम्पनीलाई पोस्न र उप-महानगरपालिको नेतृत्वलाई मनपरी गर्न लगानी गरेका होइनन् भन्दै भट्टराईले राजनैतिक प्रतिशोध साँध्दा बुटवलबाट एशियाली विकास बैंकले हात झिकेको र अब अरुले पनि यहाँ केही गर्न सकिदैन् भन्ने सन्देश प्रवाह भइरहेको टिप्पणी गरे । 'बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेको गलत रवैया सच्चाउन सबै एकजुट भइ अघि बढौं,अन्यथा ४५ हजार महिलालाई धोका दिएको पाप खेलराजलाई लाग्न सक्छ,' भट्टराईले भने-'टेण्डरको नाटक गरेर निजी कम्पनी पोस्ने निर्णयविरुद्ध व्यवसायीका आन्दोलन र उनीहरुका सबै माग जायज छन्, आन्दोलनमा एमालेको दरिलो साथ साथ छ।' भट्टराईले मासुको गुणस्तरमा भने सम्झौता नगर्न व्यवसायीलाई सचेत गराए ।

नेकपा एमाले रुपन्देही सचिवालय सदस्य राजेन्द्र ढकालले 'फोर पी' मोडलमा बधशाला चलाउनुपर्छ भन्ने एजेण्डा एमालेको भएकाले व्यवसायीको आन्दोलन एमालेको पनि आन्दोलन भएको प्रष्ट पारे । बुटवलमा मेयर शिवराज सुवेदी र प्रदेश सरकारमा शंकर पोखेल मुख्यमन्त्री भएको समयमा एमालेको अगुवाइमा वधशाला सुरु भएको स्मरण गर्दै ढकालले व्यवसायी र किसानसँगको सम्झौता लत्याएर टेण्डरको नाममा निजी कम्पनीलाई जिम्मा दिएको कुरा एमालेलाई स्वीकार्य नहुने स्पष्ट पारे । 'हजारौं किसान र व्यवसायीको सहभागिताविना वधशाला चल्न सक्दैन, संविधानको मर्म र भावना पनि एउटा व्यक्ति पोस्ने होइन,' ढकालले भने-'व्यवसायी र दलहरूसँग सल्लाह नगरी नयाँ टेण्डर गरिनु आपत्तिजनक छ, यसविरुद्ध एमाले व्यवसायीसँगै अग्रमोर्चामा रहेर आन्दोलनको अगुवाइ गर्छ ।'

बुटवलका मेयर पाण्डेय प्रदेश सरकार र हेफरको करोडौं लगानी भएको परियोजनामा प्रदेश सरकारको विपक्षमा एकलौटी गरेर जान नसक्ने स्पष्ट पार्दै नेता ढकालले आन्दोलनको बलमा वधशाला सञ्चालनको जिम्मेवारी किसान र व्यवसायीको हातमा ल्याएरै छाड्न एमाले अन्तिमसम्म लड्ने बताए ।

माओवादी केन्द्र बुटवल नगर अध्यक्ष महेन्द्र भुसालले देशको विषम परिस्थिति र चाडपर्वको मुखमा धेरै थोरै व्यापार गर्ने आशामा रहेका मासु व्यवसायीमाथि उप-महानगरले निजी कम्पनीको स्वार्थ पूर्ति गर्ने उद्देश्यले अनुगमन आतंक मच्चाएर निराश बनाएकोमा आपत्ति जनाए । निजी कम्पनीलाई बधशाला जिम्मा दिएको विपक्षमा र किसान तथा मासु व्यवसायीको पक्षमा माओबादी केन्द्र रहेको स्पष्ट पार्दै भुसालले दसैंको मुखमा व्यवसायी माथि अनुगमन आतंक र अनुचित हस्तक्षेप स्वीकार्य नहुने प्रष्ट पारे ।

स्थानीय सरकारको काम व्यवसायीलाई आतंकित बनाउने र विस्थापित बनाउने नभई संरक्षण गर्ने भएको भुसालले बताए । 'निजी कम्पनी पोस्ने काम गलत छ, आन्दोलनमा र पसल सञ्चालन गर्न पार्टीले जस्तोसुकै साथ दिन्छ, उप-महानगरले मासु व्यवसायी र सरोकारवाला सबैसँग बृहत् छलफल गरी उचित निकास दिनु पर्छ र अनुगमन आतंक तत्काल रोक्नुपर्छ,' भुसालले भने-'उप-महानगरले अनुगमन आतंक नरोके माओवादी केन्द्र र अरु दलले पनि प्रतिवाद गर्ने छ ।'

बाख्रा पालक किसान प्रतिनिधि होमादेवीले पौडेल बुटवल उप-महानगरको ज्यादतीले सीमा नाघेको भन्दै यो नरोकिए ३५ हजार महिला आन्दोलनमा उतार्ने चेतावनी दिइन् । 'वधशालाको मालिक बन्न पाइन्छ खसी बोका को बजार पनि सुनिश्चित हुन्छ भनेर ३५ हजारभन्दा धेरै महिला दिदीबहिनीहरु बाख्रा पालन व्यवसायमा जोडिएका थिए, ४ वटा कम्पनी स्थापना गरेर २ करोड रकम ३ वर्षसम्म बैंक ग्यारेन्टी पनि राखेका थियौं तर अन्तिममा आएर धोका दिइयो,' पौडेलले भनिन्-'यो अन्याय र अत्याचारविरुद्ध किसान दिदीबहिनीहरु आन्दोलनमा उत्रिन तयार भएर बसेका छन्, उप-महानगरले खेलाँची नसोच्दा हुन्छ ।'

» बाँकी ३ पेजमा

# सिद्धार्थनगरमा थपिए नगरप्रहरी



मोहम्मद हबिब
*भैरहवा*

सिद्धार्थनगर नगरपलिका नेपालकै पुरानो नगरपालिका मध्येको हो, मुलुकमा थुप्रै नगरपालिकहरु स्थापित भइरहँदा सिद्धार्थनगर भने तिनीहरुको तुलनामा पछि पर्यो । आयस्रोत कम र सिमासँग टाँसिएको नगरपालिका भएकोले सोचे अनुरुप नगरपालिकाको विकास भएको थिएन, एडीबीको लगानीसँगै थुप्रै विकासको काम सिद्धार्थनगरमा हुन पुग्यो । पछिल्लो समय व्यवस्थित नगरको रुपमा परिचय बनाउँदै गएको नगरपालिकाले नगरलाई अझैं व्यवस्थित बनाउनका लागि नगरप्रहरीहरु नियुक्त गरेको छ। हुन त सिद्धार्थनगरमा नगर प्रहरी नभएको भने होइनन्, भएका नगरप्रहरीमध्ये केही अवकाश प्राप्त गरेकोले अहिले ५ जना मात्रै नगरप्रहरी सिद्धार्थनगरमा छन् । १३ वटा वडा रहेको नगरपालिकमा ति अपुग भएपछि सिद्धार्थनगरले नगरप्रहरी परीक्षाको पाठ्यक्रम नै बनाई स्वच्छ तरिकाले नगरप्रहरी निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक र नगरप्रहरी जवानको माग गरेको हो ।

शरीरिक तन्दुरुस्ती परीक्षण, लिखित परीक्षा र मौखिक परीक्षा गरी १३० अंक भारको परीक्षा योजना बन्यो । नगरपालिकाले साउन ३० गते सार्वजनिक सूचना नै प्रकाशित गरी खुलाबाट १ जना नगरप्रहरी निरीक्षक, खुलाबाट नै १ जना नगरप्रहरी सहायक निरीक्षक र खुला, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलितबाट गरी १५ जना नगरप्रहरी जवानको माग गरी परिपूर्ति गरिएको छ।

मागअनुसार नगरप्रहरी निरीक्षकमा एक जना, नगरप्रहरी सहायक निरीक्षकमा २२ जना र नगरप्रहरी जवानमा ९२ जनाले आवेदन दिएका थिए। आवेदन दिएकामध्ये नगरप्रहरी जवानतर्फ ८५ जना शरीरिक तन्दुरुस्ती परीक्षणमा सहभागी भई ३४ जना उत्तीर्ण भएको मध्ये लिखित परीक्षाबाट १५ जना छनोट भएका छन् । यस्तै नगरप्रहरी सहायक निरीक्षकमा आवेदन दिएकामध्ये २२ जना शरीरिक तन्दुरुस्ती परीक्षणमा सहभागी भई ४ जना उत्तीर्ण भएकोमा एक जना छनोट भएका छन् । नगरप्रहरी निरीक्षकमा १ जनाको माग भएकोमा १ जनाको मात्रै निवेदन परेकोले शरीरिक तन्दुरुस्ती परीक्षणमा सहभागी भई अनुत्तीर्ण भएको सिद्धार्थनगर नगरपालिकाका प्रशासन प्रमुख देव ज्ञवालीले बताए ।

नगरपालिकाका लागि भएको सीमित नगरप्रहरीले नगरको काममा कठिनाइ पुगेको, आवश्यक काम गर्न नगरप्रहरी अतिआवश्यक भएकोले हामीले नगरप्रहरी नियुक्त गरेका हौं । आवश्यकता अनुसारको नगरप्रहरी नहुँदा नगरपालिकलाई धेरै क्षेत्रबाट कठिनाइ भएको छ । राजस्व संकलन, अवैध संरचना, फुटपाथ अतिक्रमण, नगर व्यवस्थापन, निर्णय कार्यान्वयनलगायतको काम प्रभावकारी रुपले हुन नसकेपछि नियुक्त हुने नगरप्रहरीलाई पूर्ण रुपमा प्रयोग गर्दै प्रभावकारी रुपले नतिजा आउने प्रमुख प्रशासकिय अधिकृत जनक थापाले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही, जिल्ला प्रशासन कार्यालय, प्रहरी तालिम केन्द्र बुटवल र पदपूर्ति समितिको सहकार्यमा छनोट प्रक्रिया गरिएको थापाले बताए ।

सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख इस्तियाक अहमद खाँले नगरपालिकामा जनशक्ति अभाव भएको कारण नगरपालिकाले लिएको नीति 'ग्रिन, क्लिन, इकोफ्रेन्डली' सिद्धार्थनगर बनाउने पूर्ण हुन सकेको थिएन । राजस्व संकलनमा सक्रियता बढाउने, नगर सफा सुग्घर राख्ने, छाडा चौपाय, ठेला तथा इरिक्सा व्यवस्थापन, फोहोर मैला तथा बजार व्यवस्थापन, पार्किङ, नगरपालिकाको निर्णय कार्यान्वयन गराउनेलगायतको कामम सक्रियता बढ्ने अपेक्षाका साथ स्वच्छ रुपमा नगरप्रहरी नगरपालिकाले नियुक्त गरेको मेयर खाँले जानकारी दिए ।



## सम्पादकीय

# विकास आयोजनाप्रति अपनत्व

लुम्बिनी प्रादेशिक अस्पतालको निर्माणाधीन १२ तले भवन निर्माणको अवस्थाबारे सरोकारवाला निकायबिच छलफल भएको छ। विकास आयोजनालाई तोकिएको समयमा गुणस्तरीय ढंगले सम्पन्न गर्न स्थानीयस्तरमा हुने सहयोगले महत्वपूर्ण अर्थ राख्छ। स्थानीयस्तरमा रहेका संघ-संस्था, राजनैतिक दललगायतले अपनत्व गर्दा नै विकास आयोजना सफल हुने हो।

मुलुकमा संघीय शासन प्रणाली स्थापनापछि तहगत सरकारबिच समन्वय र सहकार्यलाई जोड दिइएको छ। संविधानको मर्म तहगत सरकारबिच समन्वय र सहकार्य गर भन्ने भएकाले पनि तहगत सरकारबिच समन्वय अपरिहार्य छ। यद्यपी अहिले तहगत सरकारबिच समन्वयको अभाव छ। यही समन्वयको अभावले प्रदेश र संघीय सरकारले सञ्चालन गरेका आयोजनाप्रति स्थानीय तहले अपनत्व नलिने प्रवृत्ति छ। पालिकामा कार्यान्वयन हुन लागेको र स्थानीय समुदाय लाभान्वित हुने आयोजनाप्रति अपनत्व लिन नखोज्नुको कारण हो, समन्वयको अभाव। स्थानीय तहले कतिपय महत्वपूर्ण ठानेका आयोजना सिफारिश गरेर पठाए पनि संघीय र प्रदेश सरकारले बेवास्ता गर्ने प्रवृत्ति पनि कतिपय अवस्थामा देखिन्छ। यही अवस्थाको अन्त्य गर्न हुनसक्छ, यहाँ निर्माणाधीन अस्पताल निर्माणको अवस्थाबारे जानकारी दिन र सुझाव ग्रहण गर्न छलफल भयो। प्रदेश पूर्वाधार प्राधिकरणको अगुवाइमा भएको छलफलले यो आयोजनाप्रति अपनत्व बढेको छ। आयोजना निर्माणका क्रममा कुनै समस्या आए समाधानको सहज वातावरण तयार भएको छ।

प्रदेश पूर्वाधार प्राधिकरणले ६ अर्ब १८ करोड ७५ लाख रुपैयाँको लागतमा ठेक्का सम्झौता गरी काम अघि बढेको छ। अस्पतालको निर्माणाधीन भवनको एक महिनाअघि अर्थमन्त्री विष्णु पौडेलले शिलान्यास गरिसकेका छन्। २०८५ पुषसम्म काम सक्ने सम्झौता भए पनि निर्माण कम्पनी र पूर्वाधार प्राधिकरणले तीन वर्षभित्रै अस्पताल भवन निर्माणको काम सक्ने प्रतिबद्धता व्यक्त गरेकाले पनि निर्माणका क्रममा कुनै समस्या आए सहज समाधानको बाटो खोज्नुपर्नेछ। यो आयोजना तीन वर्षभित्रै सम्पन्न भयो भने विकास आयोजनाप्रति सकारात्मक सन्देश प्रवाह हुनेछ। अहिलेसम्म विकास आयोजना बेलैमा सम्पन्न नहुने प्रवृत्तिले नागरिकमा निराशा छ। विकास आयोजना बेलैमा सम्पन्न नहुँदा त्यसले दिने सास्तीले नागरिक आजित छन्। धुलो, धुवाँलगायत प्रदुषणको मार व्यहोरेका नागरिकले बरु आयोजना नभइदिएको भए हुन्थ्यो भन्ने धारणा राख्दा विकास आयोजनाप्रति नकारात्मक मनोविज्ञान तयार भएको छ।

लुम्बिनी प्रदेशको गौरवको आयोजना लुम्बिनी प्रादेशिक अस्पतालको पूर्वाधार विकास गरी विशिष्टिकृत सेवा उपलब्ध गराउन सक्दा बुटवलको स्वास्थ्य सेवाले छलाङ मार्ने छ। योसँगै यहाँको बजार पनि चलायमान हुन बल पुग्छ। बुटवलवासीले यो अस्पतालको स्तरवृद्धिका लागि हुने हरेक कामप्रति अपनत्व लिएर अघि बढ्नु नै उत्तम हुन्छ।

# युवा उद्यमशीलता प्राथमिकतामा



डा. शेरबहादुर पुन

***सबै क्षेत्रका स्थापित युवा जो आआफ्नो क्षेत्रमा प्रचुर हौसला, ऊर्जा र क्षमता बोकर काम गरिरहेका छन्, उनीहरूलाई एउटै मञ्चमा उभ्याएर साझा धारणा, साझा छलफल गर्ने एउटा विशेष मन्थन गर्न जरुरी छ।***

***खेलकुद क्षेत्रमा लागेकाहरूलाई उद्योगका बारेमा ज्ञान नहुन सक्छ। उद्योगको ज्ञान भएकालाई राजनीतिको ज्ञान नहुन सक्छ। त्यस्तै राजनीतिको ज्ञान भएकाहरूसँग व्यापार व्यवसायका बारेमा ज्ञान नहुन सक्छ। त्यसैले सबै क्षेत्रमा काम गरिरहेका युवा एकै ठाउँमा बसेर एकअर्काको अवधारणा आपसमा बाँढेर नयाँ, साझा एउटा सत्तल्प गर्नु पर्छ।***



नेपालमा धेरै पटक राजनीतिक परिवर्तन भए। लोकतन्त्र आयो, गणतन्त्र पनि आयो। नयाँ व्यवस्था आए पनि देशले आर्थिक रूपमा मुहार फेर्न सक्यो कि सकेन, नागरिकका कठिनाइ हटे कि हटेनन्, युवाले रोजगारीका अवसर पाए कि पाएनन्, विदेश पलायन घट्यो कि घटेन ? के जनताको दैनिक जीवनयापन सहज र सरल छ त ? यी र यस्ता गम्भीर प्रश्नको उत्तर खोज्ने हो भने अवस्था दयनीय छ। यो अवस्थामा राज्यको प्रमुख कार्यभार भनेको नेपाललाई कसरी आर्थिक क्रान्ति र समृद्धिको बाटोमा लैजाने भन्नेमै केन्द्रित हुनु पर्छ। माथि उल्लिखित प्रश्नको उत्तर खोजिएन भने परिस्थिति काबुबाहिर जान सक्छ। यसतर्फ राजनीतिक दल, नेतृत्व र सरकारले गम्भीर भएर मनन गर्न जरुरी छ।

नेपालको युवा जनसंख्या विश्वकै दृष्टिमा धेरै महत्वपूर्ण अवस्थामा छ। राष्ट्रिय युवा नीति २०७२ अनुसार, नेपालमा १६ देखि ४० उमेर समूहका व्यक्तिहरूलाई युवा मानिन्छ। २०७८ को जनगणनाअनुसार नेपालको ४२.५६ प्रतिशत जनसङ्ख्या युवा उमेर समूहमा पर्छ, जुन झन्डै एक करोड २४ लाखको हाराहारीमा छ। यस उमेर समूहको जनसंख्या ठूलो हुनुलाई नेपालले जनसांख्यिक लाभांशको रूपमा लिएको छ। यो समय नेपालका लागि युवा शक्तिको ऊर्जा, जोस र जाँगरमार्फत नेपाललाई आर्थिक रूपान्तरण गर्ने स्वर्णिम अवसर पनि हो।

युवा शक्ति राष्ट्र निर्माणमा लगानी गरिएमा, देशको आर्थिक, सामाजिक, र सांस्कृतिक विकासले नयाँ गति लिन सक्छ। पर्याप्त अवसरको अभावले गर्दा नेपालका युवाहरू विदेश पलायन भइरहेको वास्तविकता हाम्रासामु छर्लङ्ग छ। पछिल्लो स्थानीय तह निर्वाचनले भने सकारात्मक सङ्केत दिएको छ। जस्तो, ४० वर्षमुनिका ४१.१४ प्रतिशत युवा निर्वाचित भएका छन्, जसले स्थानीय शासनलाई युवामैत्री बनाउने अपेक्षा गरिएको छ। यसको तुलनामा प्रदेशसभा र प्रतिनिधि सभामा क्रमशः २० प्रतिशत र १२ प्रतिशत मात्र युवा उपस्थिति छ, जसले नीति निर्माण तहमा युवाको सहभागिता अझै न्यून रहेको देखाउँछ। यसले सङ्केत गर्छ कि युवा सहभागिता अझैँ प्रोत्साहित हुन आवश्यक छ, विशेष गरी नीति निर्माणका क्षेत्रमा।

नेपालको युवा नीति परिमार्जनको विषय अहिले बहसमा छ। मौजुदा नीतिमा १६-४० उमेरलाई युवाका रूपमा परिभाषित गरिएको थियो। नयाँ युवा नीतिमा १६-३०, १८-३५ वा पुरानै १६-४० मध्ये कुन उमेर सीमा उपयुक्त हुने भन्ने छलफल भइरहेको छ। अन्तर्राष्ट्रिय अभ्यासलाई आधार बनाउँदा भारतमा १५-२९, बङ्गलादेशमा १८-३५, श्रीलङ्कामा १५-२९, र माल्दिभ्समा १८ -३४ उमेर समूहलाई युवा मानिएको छ। नेपालमा पनि यस्तै उमेर सीमा निर्धारण गर्ने विषयमा बहस भइरहेको छ।

पछिल्लो चरणमा नेपालको द्रुत आर्थिक विकासमा सूचना प्रविधिले अभूतपूर्व क्रान्ति ल्याएको देखिन्छ। आइआइडीएसको तथ्याङ्कलाई आधार मान्दा नेपालमै बसेर विदेशीलाई सूचना प्रविधि सेवा निर्यात गरिरहेका ६६ हजार आईटी जनशक्तिले वार्षिक ६७ अर्ब रुपियाँभन्दा बढी आम्दानी गरिरहेका छन्। यसले नेपालमा सूचना प्रविधिको क्षेत्रमा प्रचुर सम्भावना रहेको देखाउँछ। यो मात्र होइन, सूचना प्रविधि सेवा निर्या तले देशको कुल गार्हस्थ उत्पादनमा १.४ प्रतिशत र वैदेशिक मुद्रा सञ्चितिमा ५.५ प्रतिशत योगदान पुऱ्याएको छ।

यति हुँदाहुँदै पनि नेपालमा युवाका लागि रोजगारी, शिक्षा, स्वास्थ्य, र नेतृत्व विकास जस्ता विभिन्न क्षेत्रमा उल्लेखनीय चुनौती देखिन्छन्। सन् २०२३ को विश्व युवा विकास सूचकाङ्कमा नेपाल १०८औँ स्थानमा रहनु यसैको सङ्केत हो। नेपालका युवामा क्षमता छ, दक्षता छ तर तिनलाई समुचित मार्गदर्शन र अवसरको आवश्यकता छ। त्यति मात्र होइन, नेपालको आर्थिक विकासमा युवाको अभूतपूर्व योगदान सुनिश्चित गर्न यो समयले पनि माग गरेको छ। युवालाई उद्यमशीलता, नवप्रवर्तन र रोजगारीमा जोड्न जरुरी छ। चाहे आइटीको क्षेत्र होस्, कृषि, पर्यटन वा जुनसुकै क्षेत्रको होस् युवालाई उद्यमशीलता र व्यवसायमा लाग्न प्रेरित गर्नु पर्छ।

नेपालको युवाशक्ति विदेश पलायन हुने क्रम चिन्ताजनक छ। यद्यपि, हरेक दिन करिब दुई हजार नेपाली युवा रोजगारीको खोजीमा विदेश जान्छन् भने १२ सयभन्दा बढी नेपाली युवा विदेशबाट स्वदेश फर्किरहेका छन्। यी फर्केका युवाको व्यवस्थापन र अभिलेख राख्ने प्रणाली अझैँ स्पष्ट भइसकेको छैन। विदेशबाट फर्केका युवाले सिकेका सीप, ज्ञान, र आर्जन गरेको पुँजीलाई स्वदेशमै परिचालन गर्नुपर्ने आवश्यकता छ। यसले देशको आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउन सक्छ। विदेश फर्केका युवाको उद्यमशीलता र स्वरोजगारमा संलग्न हुनका लागि राज्यले छुट्टै नीति ल्याउन आवश्यक छ।

नेपाल सरकारले अब यही चुनौती र अवसरलाई आत्मसात् गर्दै युवालाई स्वदेशमै योगदान गर्न उत्प्रेरित गर्नु पर्छ। युवालाई एकताबद्ध गर्दै, उनीहरूको विचार, क्षमता र नवप्रवर्धनलाई अघि बढाउन सहयोग गर्नु पर्छ। सरकारले उनीहरूलाई नीति निर्माण, उद्यमशीलता, नेतृत्व विकास र समृद्धिको मार्गदर्शनमा अभिप्रेरित गर्न जरुरी छ। आजको मुख्य उद्देश्य भनेको नेपाली युवालाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने विश्वास दिलाउनु र उनीहरूलाई राष्ट्र निर्माणमा अग्रसर गराउनु हो।

देशभरिका विभिन्न क्षेत्रमा काम गरिरहेका, आफ्नो ऊर्जाशील समय कुनै क्षेत्रको उत्थानका निम्ति खर्चिरहेका युवालाई एउटै मञ्चमा ल्याएर राष्ट्रनिर्माणको एउटा साझा सङ्कल्प गर्न अब ढिला गर्नु हुन्न। हामी देश कसरी निर्माण गर्न सक्छौँ, देशमा आर्थिक समृद्धि कसरी ल्याउन सक्छौँ, देशभित्रै रोजगारी कसरी सिर्जना गर्ने, उद्यमशीलताको अवस्था कसरी सिर्जना गर्ने, देशको शिक्षामा कसरी परिवर्तन गर्न सकिन्छ, युवाको भविष्य कसरी सुनिश्चित गर्न सक्छौँ ? भन्ने दिशामा अग्रसर हुन ढिला भइसकेको छ। समग्रमा हाम्रो सुन्दर नेपाललाई 'समृद्धि नेपाल' बनाउन हरेक क्षेत्रमा लागिरहेका मान्छेले साझा रूपमा कसरी अगाडि बढ्ने भन्ने विषयमा एउटा गम्भीर मन्थन, छलफल, बहस गरेर एउटा साझा धारणा बनाउन आवश्यक छ। जसको सहजीकरण राज्यले छिटोभन्दा छिटो गर्नु पर्छ।

सबै क्षेत्रका स्थापित युवा जो आआफ्नो क्षेत्रमा प्रचुर हौसला, ऊर्जा र क्षमता बोकर काम गरिरहेका छन्, उनीहरूलाई एउटै मञ्चमा उभ्याएर साझा धारणा, साझा छलफल गर्ने एउटा विशेष मन्थन गर्न जरुरी छ।

खेलकुद क्षेत्रमा लागेकाहरूलाई उद्योगका बारेमा ज्ञान नहुन सक्छ। उद्योगको ज्ञान भएकालाई राजनीतिको ज्ञान नहुन सक्छ। त्यस्तै राजनीतिको ज्ञान भएकाहरूसँग व्यापार व्यवसायका बारेमा ज्ञान नहुन सक्छ। त्यसैले सबै क्षेत्रमा काम गरिरहेका युवा एकै ठाउँमा बसेर एकअर्काको अवधारणा आपसमा बाँढेर नयाँ, साझा एउटा सङ्कल्प गर्नु पर्छ।

देशभित्रै बसेर निराशाको मात्र कुरा गरेर सकारात्मक परिवर्तनको कल्पना गर्न सकिँदैन। देशभित्रै पनि केही राम्रो काम गर्न सकिन्छ। नेपालभित्र पनि प्रचुर सम्भावना छन्। समस्या भनेको एउटा ठूलो अवसरसमेत हो। कुनै पनि समस्याले अवसर पनि जन्माउन सक्छ। त्यसैले देशका सबै युवा मिलेर देशभित्रै अवसर खोजौँ, देशमै अवसर निर्माण र उद्यमशीलताका कुरा गरौँ भन्ने सोच सबैमा आउन जरुरी छ।

देशलाई शैक्षिक रूपमा कसरी रूपान्तरण गर्न सकिन्छ ? स्थायित्व र नैतिकतायुक्त राजनीति कसरी स्थापना गर्न सकिन्छ ? देशभित्र उद्योगधन्दाको विस्तार कसरी गर्न सकिन्छ ? रोजगारी सिर्जना कसरी गर्न सकिन्छ ? पर्यटन तथा खेलकुदलाई कसरी विकास र विस्तार गर्न सकिन्छ ? साथै नेपालका अन्य सामाजिक पक्षको विस्तारका निम्ति सकारात्मक सन्देशकसरी प्रवाह गर्न सकिन्छ भन्ने मुख्य विषयमा राज्यको ध्यान केन्द्रित हुनु पर्छ।

**सरकारले तत्काल गर्नुपर्ने काम**

१. युवालाई उद्यमशीलता र रोजगारी सिर्जनामा प्रोत्साहन गर्ने : सरकारले युवालाई स्वरोजगार र उद्यमशीलतामा लाग्न उत्प्रेरित गर्नु पर्छ। स्वदेशमै व्यवसाय स्थापना गर्न, रोजगारी सिर्जना गर्न र देशको समृद्धिमा योगदान पुऱ्याउन युवालाई मार्ग दर्शन गर्नु पर्छ।

२. नेतृत्व र क्षमता विकासको अवसर प्रदान गर्ने : युवा नेतृत्व विकासमा सरकारले महत्वपूर्ण भूमिका निर्वाह गरेर देशभरका सक्षम र स्थापित युवाको विचार आदानप्रदान गर्दै नेतृत्व विकासका सम्भावना खोज्ने प्रयास निरन्तर गर्नु पर्छ।

३. नवप्रवर्तन र उद्यमशीलतामा सहकार्य प्रवर्द्धन गर्ने : युवा उद्यमीहरूलाई एकै मञ्चमा ल्याएर नवप्रवर्तन र नयाँ व्यावसायिक सम्भावनाको खोजी गर्दै स्वदेशमै रोजगार सिर्जना गर्ने वातावरण तयार गर्ने।

४. सामाजिक परिवर्तन र राष्ट्र निर्माणमा युवालाई बलियो बनाउने : सामाजिक परिवर्तनमार्फत युवाले समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्छन्। त्यसतर्फ सकारात्मक सोचको विकास गराउन अभिप्रेरित गर्नु पर्छ।

५. युवामा नयाँ आशा र नयाँ भरोसा : अब सरकारले युवामा नयाँ आशा, नयाँ भरोसा, हौसला, उत्साह, नयाँ जोस, नयाँ जाँगर र नयाँ ऊर्जा थप्नु पर्छ।

साझा बहस र छलफलबाट नयाँ अवसर र सम्भावनाको खोजी गर्दै देशमै केही गर्न सकिन्छ र केही न केही प्रयास निरन्तर गर्नु पर्छ भन्ने सकारात्मक सन्देश प्रवाह गर्नु अति आवश्यक छ। गोपबाट

# कस्तो हुनुपर्छ चाडबाडको खानपान ? के कुरामा ध्यान दिने ?




चाडबाड भन्नेबित्तिकै खानपानलाई प्राथमिकता दिने हामी सबैको चलन छ। यस्तो बेला परिवार, आफन्त जमघट हुने हुँदा मिठा-मिठा परिकार पकाएर खुवाइन्छ, खाइन्छ। विशेषगरी, मासु, मदिरा र चिल्लो बढी भएका खानपान बढी हुने हुँदा चाडबाडका बेला अस्पताल पुग्ने बिरामीको संख्या पनि बढी हुने गरेको छ।

दसैंका बेला सजिलोका लागि एकै पटक मासु ल्याएर फ्रिजमा राख्ने र त्यसैलाई झिकेर पकाउने गरिन्छ। अथवा, भुटेर, तारेर, पक्कु-कबाब बनाएर फ्रिजमा राखेर खाने चलन छ। तर, फ्रिजमा चिसो बनाएर राखेको खानेकुरालाई बारम्बार बाहिर निकाल्दै, राख्दै गर्नु ठीक होइन। यसो गर्दा एक त मासुको पोषक तत्व घट्ने हुन्छ भने अर्कोतिर स्वास्थ्यमा समस्या निम्तन सक्छ। फ्रिजको चिसोमा राखेको खानालाई तत्काल तताउनुपर्छ।

मासुमा भिटामिन बी १२, जिंक, फोलिक एसिड, आइरनलगायतका पोषक तत्व हुन्छ। त्यसैले मासु सन्तुलित रुपमा खाने हो भने स्वास्थ्यलाई फाइदा हुन्छ। अन्यथा, त्यसले असर गर्छ। रातो मासुले मिर्गौला, बाथ, उच्च रक्तचाप, युरिक एसिड, उच्च कोलेस्टेरोल भएका बिरामीलाई नराम्रो असर गर्न सक्छ। त्यसैले यस्ता बिरामीले सकेसम्म त रातो मासु खानै हुँदैन। खानै परे थोरै मात्रामा कुखुराको मासु खान सकिन्छ। नुन धेरै हालिएको खानेकुरा पनि खानुहुँदैन। रातो मासु र चिल्लो दुवै रक्तचापका बिरामीका लागि हानिकारक हुन्।

स्वस्थ व्यक्तिले पनि मासु खाँदा तरकारी बढी खाने, सलादका रुपमा काँक्रो, गाँजर, मुला खाने गर्नुपर्छ। चाडबाडका बेला शारीरिक अभ्यासमा पनि ध्यान दिनुपर्छ। यस्तै, चाडबाडका बेला पेटमा बढी समस्या निम्तन्छ। चिल्लो बढी र अनियन्त्रित खानपानले ग्यास्ट्रिक बढ्ने, अपच, झाडापखाला तथा कब्जियत हुने, कोलेस्टेरोल बढ्ने र कलेजोमा बोसो जम्ने जस्ता समस्या आउँछन्।

चाडबाडका बेला सुगर, कोलेस्टेरोल, रक्तचाप, युरिक एसिडका समस्या लिएर अस्पतालका पुग्ने बिरामीको संख्या धेरै हुन्छ। यसैले अस्पताल पुग्ने अवस्था निम्तन दिनुभन्दा पहिल्यै सचेतता अपनाउनु उचित हुन्छ। कतिपय उच्च रक्तचाप, मुटु, मिर्गौला, सुगरका बिरामीहरुले चाडबाडको बेला छ, पहिले खाऔं, अनि अस्पताल जाउँला भनेर हेलचेक्र्याइँ गरेको पनि पाइन्छ। यसो गर्दा इमर्जेन्सी रुपमा अस्पताल पुग्नुपर्ने हुन सक्छ। यसो गर्नुहुन्न।

चाडबाडका बेला कलेजोको समस्या पनि निम्तन सक्छ। यस्तो बेला मदिरा, बोसोयुक्त मासु र चिल्लो खाना बढी खाने गरिन्छ। ती सबैलाई पचाउने काम कलेजोको हो। तर, यी सबै चिज एकै पटक खाँदा कलेजोले जोडतोडका साथ काम गर्नु पर्ने भएकाले बोसो जम्मा हुँदै जान्छ, जुन रक्तनली र मुटुसम्म जम्मा हुन सक्छ। जसको परिणाम कलेजो फेलसम्म हुने भएकाले यस्ता खानपानमा नियन्त्रण गर्नुपर्छ। कलेजोका बिरामीले मदिरा त छुनै मिल्दैन। राम्रो प्रोटिनको स्रोत भएकाले लिभर सिरोसिस भएका बिरामीलाई रातो मासु खाने सल्लाह दिइन्छ। तर, कलेजोको रोग कुन चरणमा छ, त्यसमा भर पर्छ कति खाने भनेर।

यस्तै, सुगरका बिरामीले चिनी र चिनीबाट बनेका परिकार, आलुको अचार, बोसो भएको मासु, मह, केक, हर्लिक्स, आइसक्रिम, तेलमा तारेका खाना खानुहुँदैन। धूमपान र मद्यपान त गर्नैहुँदैन। बरु, थोरै मात्रामा चामल, गहुँ, मकै, फाफर, कोदो, जौ, चिउरा, गेडागुडी, फलफूल खानु पर्छ। मासु तथा अण्डा नियन्त्रित रुपमा अलिकता खान सकिन्छ। सुगरका बिरामीले हरिया सागसब्जी, सलाद, काँक्रो, मुला, कुरिलो, पालुंगो, कागती खान मिल्छ।

मुटुका बिरामीले पनि रातो मासु खानुहुन्न। मासु पकाउँदा एक त चिल्लो बढी प्रयोग गरिन्छ भने अर्कोतिर छाला तथा बोसोले कोलेस्टेरोल बढ्ने भएकाले मुटुको समस्या पनि बढ्ने हुन्छ। यस्तै, मासुका साथ भात तथा चिउरा बढी खाने, मदिरा सेवन गर्ने हुनाले यसले मधुमेह, रक्तचाप तथा मुटुका बिरामीलाई असर गर्छ। त्यसैले मुटुका बिरामीले रातो मासुबाहेक धूमपान तथा मदिरा सेवन गर्नुहुँदैन। नुनु धेरै खानुहुन्न। बरु केही टुक्रा सेतो मासु र प्रशस्त मात्रामा हरियो सागसब्जी तथा फलफूल खानुपर्छ। जथाभावी खानपान, चिल्लो खाना, मद्यपान र धूमपानले मुटुको चाल अनियमित गर्ने भएकाले यस्ता चिजमा नियन्त्रण गर्नुपर्छ।

मिर्गौलाका बिरामीले पनि सकेसम्म रातो मासु सेवन गर्नुहुन्न। डायलिसिसमा नभएका बिरामीलाई तौलको हिसाबले कति प्रोटिन दिने भनेर तय गरिन्छ र कुन कुन स्रोतबाट प्रोटिन दिने भनेर हिसाब गरिन्छ। त्यसैले मिर्गौलाका बिरामीले दिनहुँ रातो मासु सेवन नगरेको राम्रो, कहिलेकाही खाएको छ भने एक-दुई टुक्रा मासु हप्तामा एक पटक या बढीमा दुई पटकसम्म खान मिल्छ।

आजकाल मानिसहरुको बदलिँदो जीवनशैलीका कारण विगतमा ५० वर्षको उमेरमा देखिने रोग आजकाल २० वर्षकै उमेरमा देखिन थालेको छ। शारीरिक अभ्यास हुन छाडेको छ। त्यसैले चाडबाडका बेला मात्र होइन, सामान्य अवस्थामा पनि खानपानमा सजग र सचेत हुनैपर्छ।

*(प्रनिति सिंह नर्भिक इन्टरनेशनल अस्पतालका डाइटिसियन हुन् )*

**मासु...**

विप्लव नेतृत्वको नेकपाका केन्द्रीय सदस्य शरद वलीले किसान र व्यवसायीसँग भएको सहमति विपरित टेन्डरमार्फत् निश्चित कम्पनीलाई वधशाला सुम्पिनुभित्र गलत नियत देखिएको र पुँजीपति कम्पनीको सिन्डिकेट लाद्न खोजिएकाले यसविरुद्ध आफ्नो पार्टी उभिने बताए।

उनले व्यवसायीको आन्दोलनमा सक्रिय साथ र समर्थन रहने भन्दै मनोबल उच्च बनाएर आन्दोलनमा होमिन आग्रह गरे। 'वधशाला चलाउने हो भने फोर पी मोडेल मै जानुपर्छ, आम व्यवसायीले व्यवसाय गर्न पाउने अधिकार खोस्ने अवैज्ञानिक कानुन स्वीकार्य हुँदैन ।'-वलीले भने । वलीले व्यवसायीले स्वस्थकर मासु उपलब्ध गराउने कुरामा सम्झौता गर्न नहुने पनि बताए।

राष्ट्रिय जनमोर्चा रुपन्देही अध्यक्ष टानबहादुर केसीले व्यवसायीको माग जायज र न्यायोचित भएकाले पार्टी व्यवसायीको आन्दोलनको पक्षमा रहेको बताए । 'किसान र व्यवसायीलाई वधशालाको मालिक बनाउने पूर्व सहमति तोडेर निजी कम्पनीलाई दिन टेण्डर प्रक्रियामा जानु गलत हो,' केसीले भने -'एउटा कम्पनीलाई ठेक्का दिएर आम व्यवसायी विस्थापित बनाउने काम निन्दनीय छ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रदेश समिति सदस्य महेन्द्र उपाध्यायले व्यवसायीका माग जायज रहेका भन्दै कानुन बनाएर कसैले व्यवसाय गर्न पाउने अधिकार खोस्न नपाइने बताए। उनले कानुन संशोधन गर्नुपर्ने औंल्याउँदै व्यवसायीको आन्दोलनमा साथ दिने बताए।

राप्रपाका नेता निरजप्रताप खाँणले पनि व्यवसायीले अन्यायमा परेर गरेको आन्दोलनमा पार्टीको ऐक्यबद्धता रहने बताए। उपभोक्ताहित संरक्षण मञ्च लुम्बिनीका अध्यक्ष तेजकुमार पाठकले अवैज्ञानिक कानुनका कारण व्यवसायीमाथि अन्याय र पीडा भएको बताए। किसान र व्यवसायीलाई बाहिर राखेर एउटा कम्पनीलाई मात्र व्यवसायको एकल अधिकार हुने कानुन खारेज हुनुपर्ने उनले बताए। वधशाला दीगो सञ्चालनका लागि फोर पी मोडेल नै उपयुक्त हुने भन्दै पाठकले उपमहानगर नेतृत्वले फोर पी मोडल र किसान तथा व्यवसायीसँग चरणबद्धरुपमा भएका सहमतिका प्रक्रिया लुकाएर नयाँ टेन्डरको मात्र कुरा गरेर गुमराहमा पार्ने काम गरेको पाठकले बताए। 'चर्को जरिवानाले साना व्यवसायीलाई निरुत्साहित गरेको छ, उप-महानगरको अनुगमन निन्दनीय छ, जथाभावी र दिनहुँ एउटै व्यवसायको अनुगमन कही पनि हुँदैन,' पाठकले भने-'उप-महानगरको अन्यायपूर्ण अनुगमन र व्यवहारविरुद्ध सबै एक ठाउँमा उभिन जरुरी छ।' पशु वधको एक हजार शुल्क तोक्नु पनि एकाधिकार र अनुचित रहेको भन्दै कानुन संशोधन गर्न आवश्यक रहेको उनले बताए । 'व्यवसायीका माग शतप्रतिशत ठीक छन्,' उनले भने-'किसान,व्यवसायीर हेफरको लगानी अलपत्र पारिनु हुँदैन, उनीहरुलाई वधशालाको मालिक बनाउनै पर्छ।'

हेफर इन्टरनेसनलका पूर्व कर्मचारी अनन्त सिलवालले कुनै पनि कानून बनाउँदा सरोकारवाला पक्षसँग पर्याप्त छलफल गरी बनाइनुपर्नेमा त्यसो नभएको र वधशालासम्बन्धी ऐनले आम किसान र मासु व्यवसायीले व्यवसाय गर्न पाउने अधिकार कुण्ठित गरेकाले ऐन संशोधन हुनुपर्ने बताए।

होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष लेखनाथ भण्डारीले उपमहानगरको गलत रवैयाबाट बुटवलका ६० प्रतिशत व्यवसायी पलायन भएको बताए । अनुगमनको नाममा गलत प्रचार गरेर व्यवसायीलाई हतोत्साहित र पलायन बनाउने काम भएको भन्दै उनले उप-महानगर नेतृत्वलाई आम व्यवसायी जोगाउने चिन्ता नभएको र गुनासा माग समबोधन गर्नेतिर चासो नभएको बताए। एक हजार मासु व्यवसायीलाई विस्थापित बनाउने कानुन संशोधनका लागि राजनीतिक दल र संघसंस्थाले दबाब दिन जरुरी रहेको उनले औंल्याए।

घर बहाल सरोकार संघ रुपन्देहीका अध्यक्ष राजु लिगलले उप-महानगरले साना व्यवसायीलाई विस्थाापित गराउने र ठूला कम्पनीलाई पोस्ने खेल खेलेको बताए।

मासु व्यवसायी संघ नेपाल रुपन्देहीका अध्यक्ष विशाल थापाले उपमहानगरको अत्याचारले सीमा नाघेको बेला राजनीतिक दलहरु र संघसंस्थाले आन्दोलनमा ऐक्यबद्धता जनाएपछि आन्दोलन सफल हुनेमा शंका नरहेको बताए । दलहरुको साथ भएपछि उपमहानगरविरुद्ध भद्र अवज्ञा आन्दोलन पनि सुरु हुने थापाले बताए।

संघले खसी बोकासहित सबै प्रकृतिका मासुजन्य पशुपंक्षीलाई स्वास्थ्य जाँच गरेर मात्र वध गर्ने प्रावधान राख्न र प्रभावकारी कार्यान्वयन गर्न माग गरेको महासचिव थानेश्वर सुवेदीले बताए ।

यस्तै वध स्थलको न्यूनतम मापदण्ड तयार गरी वध स्थललाई सुधार गर्नुपर्ने र सुधारिएका वध स्थलबाट सेवा सुचारु गर्न पाउने व्यवस्था गर्न, उप-महानगरका सबै वडामा साना तथा मझौला उद्योगको रुपमा श्रेणीकरण गरी व्यवस्थित वधस्थल निर्माण गर्न कानुनी प्रावधान गरी व्यवसायीलाई प्रोत्साहन गर्न माग गरेको सुवेदीले बताए । सबै प्रकृतिका मासुमा सुरक्षित ढुवानीको लागि पशु वधशाला तथा मासु जाँच नियमावली २०५७ को धारा १३ मा भएको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्न, मासुमा हुने मिसावट रोक्न मिसावट गरिएको प्रमाणित भएका पसललाई हदैसम्मको कानुनी कारबाही र जरिवाना गर्न र सबै अनुमति प्राप्त वधशालाहरुले किसानबाट खरिद गर्ने खसी, बोका, राँगा, पाडा, भेंडा, च्याङ्ग्रा र कुखुराको दररेट सार्वजानिक गरिनु पर्ने र जसमा किसानको लागत मूल्य घटाउन नपाइने व्यवस्था लागू गर्न, कानुनको आडमा व्यवसायीहरुलाई निरुत्साहित गर्ने, त्रसित बनाउने, स्वतन्त्र तवरबाट सञ्चालित व्यवसायलाई बन्द गर्न बाध्य पार्ने, अनुचित निगरानी गर्ने जस्ता हस्तक्षेपलाई बन्द गरी तत्काल व्यवसाय सल्यानको वातावरण बनाउन माग गरेको छ।

बुटवल मासु उत्पादक तथा प्रशोधन प्रालिका अध्यक्ष कृष्ण पौडेलले तीनथरी सुरक्षा निकायको जम्बो टोली ल्याएर बन्दुक तेर्स्याएर उप-महानगरले अनुगमनको नाममा आतंक मच्च्याएकोमा आपत्ति जनाए। लुम्बिनी प्रदेशका ६ जिल्लाका करिब ३५ हजार बाख्रापालक महिला किसान र रुपन्देहीका करिब ५ सय मासु व्यवसायी मिलेर फोर पी मोडलमा वधशाला चलाउने सहमति तोडेर उप-महानगरले एकलौटी गरेपछि किसान र व्यवसायी आन्दोलनमा जानुको विकल्प नभएको पौडेलले बताए । बुटवल मासु उत्पादक तथा प्रशोधन प्रालिमा ३४ सहकारी, ४ इन्भेष्टमेन्ट कम्पनी गरी ५ हजार १ सय २६ शेयर सदस्य छन् ।किसान र व्यवसायीसँगको सम्झौता रद्द भएपछि टेण्डरमार्फत् मुक्तिनाथ लाइभस्टक कम्पनीले ठेक्का पाएको वधशालामा गएर खसी-बोका वध गर्न मासु व्यवसायीले अस्वीकार गरेपछि वधशाला सञ्चालनमा सकस भएको छ।


## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला बलिथुमगा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल गुल्मीजिल्ला, गुल्मीदरवारगा.पा. वडा नं. १, बस्नेश्री मन बिर घर्ती मगरको नातिश्री पहल सिंह घर्ती मगरकोछोराश्रीमतिरुपमाया घर्ती भन्ने रुपमाया थापा को श्रीमानबर्ष ७७ को श्री थम्मनबहादुर घर्ती भन्नेथम्मन बहादुर थापा(नागरिकता नं.११६० जि.प्र.का गुल्मी मिति २०४५/०७/११मा जारी) को मिति २०७९/०९/२३गते मृत्यु भएकोले यस बैंकको गुल्मीशाखामा रहेको बचत खाता नं २०९१५२४०३००६०९ मा भएको रकम भुक्तानीपाउँभनिनिजको पत्नीश्रीमतीरुपमाया घर्ती भन्ने रुपमाया थापा लेयस बैंक समक्षनिवेदन गरेको हुँदानिजखातावालाश्रीथम्मन बहादुर घर्ती भन्नेथम्मन बहादुर थापा (नागरिकता नं. ११६० जि.प्र.का गुल्मी मिति २०४५/०७/११मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४**



# Satyawati Rural Municipality

**Office of Rural Municipal Executive**

**Johang, Gulmi**

# Invitation for Bids

**IFB No: IFB/1.7/2081/082**

First date of publication: 20th Asoj, 2081 (6th October, 2024)

1. Office of Satyawati Rural Municipality, Johang, Gulmi invites electronic bids for Works from eligible bidders under National Competitive Bidding procedure.

| S. No. | Contract Identification No. | Name of Project | Estimate amount (Including VAT ) NRs. | Bid security amount NRs. | Bid document fee (Non – refundable) NRs. |
|---|---|---|---|---|---|
| 1 | SRM/ROAD/ W/NCB/ 06-2081-082 | Construction of Bhandari pokhara-Rambari-Chehemi-Thumka-Dhuseni Road | 58,45,774.99 | 1,70,000.00 | 3000 |

2 .Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp

3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM on Kartik 29, 2081 (14th November 2024) at the office of at Satyawati Rural Municipality, Office of Rural Municipal Executive, Johang, Gulmi.

| Information to deposit the cost of bidding document in Bank: | Information to deposit the cost of Bid Security in Bank |
|---|---|
| Name of the Bank: Office: Kumari Bank Limited<br>Name of Office: Satyawati Rural Municipality<br>Account Name: Ga.1.1 ANTARIK RAJASWA KHATA<br>Account No. : 2690247957400010 | Name of the Bank: Office: Kumari Bank Limited<br>Name of Office: Satyawati Rural Municipality<br>Account Name:Ga 3 DHARAUTI K SATYAWATI<br>Account No. : 2690247957400003 |

**Chief Administrative Officer**



# कावासोती नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**गणडकी प्रदेश, नेपाल**

**२०७३**

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

**प्रकाशित मिति २०८१/०६/२०**

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोलअंक(मु.अ.क. समेत) | कैफियत |
|---|---|---|---|---|
| 03/KM/NCB/ 2081/82 | Ring Road Upgresding work at Kawasoti -5 | हर हर गंगे कन्स्ट्रक्सन कम्पनी प्रा.ली विष्णुपुर गाउँपालिका वडा-१ सिराहा | ३३,६२,९२१।३५ | |
| 04/KM/NCB/ 2081/82 | Shaikshikachokdekhimanav dharma hudaisitalchok jane batokalopatre kawasoti-8 | हर हर गंगे कन्स्ट्रक्सन कम्पनी प्रा.ली विष्णुपुर गाउँपालिका वडा-१ सिराहा | ४८,१३,७७०।९३ | |

**प्रमुख प्रशासकीय अधिकृत**



# कावासोती नगरपालिका

**नवलपरासी (ब. सु. पु.)**

## घाटगद्दी नदिजन्य पदार्थको लिलाम बिक्रीका लागि बोलपत्र (E-Bidding मात्र) आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८१/०६/२०

बोलपत्र बुझाउने अन्तिम मिति २०८१/०७/०५ गते दिनको १२:०० बजे भित्र

कावासोती नगरपालिका अन्तर्गत उल्लेखित स्थानमा घाटगद्दी गरि राखिएको नदिजन्य पदार्थको लिलाम बिक्री गर्ने गरी बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीले तपसिल बमोजिमका शर्तको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | बोलपत्रनं. | बोलपत्रको नाम | उत्खनन परिमाण ( घ.फि.) | न्युनतम कबोल रकम रु. (भ्याट समेत) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | 11/REV/ KM/2081/82 | वडा नं. ३,केरुंगे खोला किनार सिशौघारीमा भएको नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ६९१५०४.८९ | ५६,२६,०८३.७९ | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५०००.०० |
| २ | 12/REV/ KM/2081/82 | कालिका पुल मुनि वडा नं ४ ले तटबन्ध गरेको ठाउँ पछाडीको नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ६,७४,८४०.५० | ५४,९०,५०२.३० | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५०००.०० |
| ३ | 13/REV/ KM/2081/82 | वडा नं. १ हात्तीखोर क्षेत्र घाँच को (पक्कि तटबन्ध पछाडी) नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ११,५४,९०४.२५ | ९३,९६,३००.९७ | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५०००.०० |

यस सम्बन्धी थप जानकारी www.kawasotimum.gov.np,www.bolpatra.gov.np/egp/९८४३५००७११बाट प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशाकीय अधिकृत

**शर्तहरू**

१. फर्मको हकमा नवीकरण भएको दर्ताप्रमाणपत्र, मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र, २०८०/८१ को करचुक्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर बापत राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय कावासोतीमा रहेको यस कार्यालयको खाता नं ३२००१००३०१०१०००३ मा नगद जम्मा गरेको नगद भौचर साथ E-Bidding मार्फत२०८१/०७/०५ गते दिनको १२:०० बजेभित्र बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छा
२. बोलपत्र पेशगर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गए पनि उल्लेखित समयलाई नै बोलपत्र पेश गर्ने अन्तिम दिन मानिनेछ।
३. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। अंकर अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको (VAT सहितको रकमको) ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं ३२००१००३०३००००३ मा जम्मा गरी सोको सकल बैंक भौचर पेश पर्नेछ।
४. बोलपत्र फारम डाउनलोड गरि फारममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी तोकिएको समय भित्र विद्युतीय प्रति अपलोड गर्नु पर्नेछ।एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।
५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु २०८१/०७/०५ गतेदिनको १:००बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी व निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नागी, प्रक्रिया नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र स्वीकृत भएको मितिले १५दिनभित्र कबुल अंकको अग्रिम आयकर, मू.अ. कर र कबोल अकको ५०% ले हुन आउने रकम प्रथम किस्ता बापत अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ताबापतको ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा १२० दिन सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) समेत पेशगर्नु पर्नेछ। तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ।
८. उत्खनन क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून , प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। आय ठेक्का सम्बन्धी अन्य शर्तहरु www.bolpatra.gov.np/भनउमा हेर्न सकिनेछ। साथै,यस कार्यालयबाट जारीगरिएको बातावरणीय अध्ययन प्रतिवेदन ,राष्ट्रपति चुरे तराई मधेश सरक्षण तथा विकास समितिको निर्देशन, स्थानीय सरकार संचालन ऐन २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून , प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।



# Jhimruk Rural municipality

# Office of the Rural Municipal Executive

Bhyagute, Pyuthan

Lumbini, Province, Nepal

# Invitation for Bids

**Date of Publication: 2081/06/20 (AD 06/10/2024)**

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of Stationary and Karyalaya Sanchalan tatha other Goods Item. Under SQ procedures.

| S. N. | Contract ID No | Description of Work | Estimated Amount | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1 | JRM/ SQ/GOODS/ 07/2081/082 | Procurement of Stationary and Karyalaya Sanchalan tatha other Goods Item. | NRs: 19,99,000.00 (Including VAT) | NRs: 55,000.00 | NRs: 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo, before 12:00 Hours on 2081/07/05 (AD: 21/10/2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/07/05 (AD: 21/10/2024) 13:00 at the office of Jhimruk Rural Municipality
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# वृक्षरोपण तथा शुभकामना आदानप्रदान



बुटवल । बिसे नगर्ची एकताको प्रतिक नेपालद्वारा मणिमुकुन्द सेन उद्यान संरक्षण समिति बुटवल-२ फूलबारीस्थित बिसे नगर्ची बाटिकामा वृक्षरोपण तथा शुभकामना आदानप्रदान कार्यक्रम शनिबार सम्पन्न भएको छ। नेपालीहरुका महान चाडपर्वहरु विजयादशमी, शुभदीपावली एवं छठ पर्व - २०८१ को अवसरमा फूलबारीको बिसे नगर्ची बाटिका सेड नम्बर - ९ मा वृक्षरोपण गरिएको हो ।

शुभकामना आदानप्रदान एवं वृक्षरोपण कार्यक्रममा बोल्दै मणिमुकुन्द सेन उद्यान संरक्षण समिति फूलबारीका अध्यक्ष माधव नेपालले बिसे नगर्चीको योगदान निकै ठूलो भएको स्मरण गरे । फूलबारीमा शाह बंशीय राजाको ऐतिहासिकता कायम रहेको भन्दै उनले यसको संरक्षण र प्रचारप्रसार गर्नुपर्ने बताएका थिए ।

संस्थाका अध्यक्ष रामकुमार रणपालले नेपाल एकीकरणमा सहयोग गर्ने बिसे नगर्चीको योगदान निकै महत्वपूर्ण भएकोले उनको इतिहास जोगाउन आफूहरुले प्रयास गरिरहेको बताए । मणिमुकुन्द सेन उद्यान संरक्षण फूलबारीका कार्यकारी प्रमुख अनन्तराज सिलवालले बोल्दै बिसे नगर्चीको बारेमा उनको घर गोरखासम्म पुगेर अध्ययन, अनुसन्धान गरेको बताए । उनले बिसे नगर्ची फूलबारी आएको तथ्य प्रमाणीकरण गर्नुपर्ने अवस्था आएको जनाए ।

कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीका वरिष्ठ उद्योग अधिकृत मोहन परियारले यो संस्थाको उत्थान र विकासको लागि बजेट बिनियोजन गर्ने कार्यमा आफूले सक्दो सहयोग गरेको र गर्दै जाने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा संस्थाका उपाध्यक्ष तथा परियार सेवा समाज रुपन्देहीका अध्यक्ष लोकबहादुर नेपाली, सल्लाहकार सुवर्णकुमार रणपाल, कार्यसमिति सदस्यहरु जीवन परियार, शान्ता रणपाललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सोही अवसरमा बुवा टेकबहादुर परियार र आमा चित्रकला परियारको सम्झनामा बुटवल - ७ दीपनगर निवासी छोराहरु शिव परियार र रामु परियारले संयुक्त रुपमा संस्थालाई १० हजार १ सय रुपैयाँ आर्थिक सहयोग गरेका छन् । सेड नम्बर ९ मा बिसे नगर्ची बाटिका र उनको पूर्णकदको शालिक समेत निर्माण भइरहेकोले औपचारिक रुपमा समुद्घाटनको तयारीमा रहेको छ । कार्यक्रमको सञ्चालन संस्थाका सचिव नारायण बीपी परियारले गरेका थिए ।

# अधिग्रहणमा परेको मस्जिद शिलान्यास

भैरहवा । सिद्धार्थनगर-४ कचरिहवामा नुरी मस्जिदको शिलान्यास गरिएको छ । नियमित नमाज पढ्दै आएको मस्जिद गौतमबुद्ध विमानस्थलको अधिग्रहणमा परेपछि स्थानीयहरु बाहिर जानु पर्ने बाध्यता थियो । मुअब्जा रकमबाट जसो तसो मस्जिदको लागि जग्गा खरिद गरिए पनि निर्माणको काम सुरु हुन सकिरहेको थिएन। स्थानीयहरुको प्रयास र लुम्बिनी प्रदेश सरकारको पहलमा मस्जिदको शिलान्यास गरिएको हो ।

शनिबार बरावशरिफका पीरे तरीकत हजरत बाबु मुहम्मद मसउद रजा अलवी र शेरे नेपाल सुफी मोहम्मद सिद्धीकले संयुक्त रुपमा मस्जिदको शिलान्यास गरेका हुन् । जग्गा लिइए पनि लामो समयदेखि मस्जिद निर्माणको काम सुरु हुन नसकेको पछि नुरी मस्जिद समाज संरक्षण समिति र स्थानीयको प्रयासमा मस्जिद निर्माणको थालनी गरिएको मस्जिद समितिका अध्यक्ष नसरुल्लाह धुनियाले बताए ।

१३ धुर क्षेत्रफलमा करिब ७० लाख लागत अनुमानमा मस्जिद निर्माण गर्ने योजना रहेको छ। सुरुवाती चरणमा प्रदेश सासंद सन्तोषकुमार पाण्डेको संसदीय विकास कोषबाट ५ लाखको अनुदानमा शिलान्यासको कार्यक्रम गरिएको छ । स्थानीय सरकार, सहयोगी र दानवीरहरुको सहयोगमा मस्जिदलाई पूर्णता दिने लक्ष्यका साथ काम सुरु गरिएको अध्यक्ष धुनियाले बताए ।

२ दर्जन मुस्लिम घरधुरी रहेको सो क्षेत्रका मुस्लिम समुदाय अहिले नमाज पढ्नका लागि छिमेकी मस्जिद शंकरपुर र पिपरहिया जानु परेको छ । यो मस्जिद निर्माणले कचरिहवाका मात्र नभई छिमेकी गाउँहरु शंकरपुर, जंगलटोल , पिपरहिया, मेउडिहवा सम्मको मुस्लिमहरुका लागि सहज हुनेछ ।

भवन शिलान्यास कार्यक्रममा बोल्दै प्रदेश सांसद पाण्डे, सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँ, वडा नम्बर ४ का वडाध्यक्ष मुक्तिनाथ यादव, राप्रपाका जिल्ला अध्यक्ष सागर प्रताप राणालगायतले यो क्षेत्रमा पहिलैदेखि मस्जिद भएकोले ढिलै भए पनि मस्जिद पुनर्निर्माणको थालनी हुनु सुखद पक्ष रहेको बताए । मानव समुदायमा आउन सक्ने मतभिन्नतालाई धर्म र संस्कृतिको माध्यमबाट एक आपसमा एकताको भावना जगाउनु पर्नेतर्फ उनले जोड दिए। मुस्लिम समुदायको संस्कृति र संस्कारको संरक्षण गर्दै जानु पर्ने, मस्जिद बनाएरमात्रै नहुने भएकोले मस्जिदमा नियमित धार्मिक क्रियाकलापलाई जोड्दै समाजमा सकारात्मकविकास हुन जरुरी रहेको, मस्जिदमा नियमित रुपमा धेरैभन्दा धेरै नमाजीहरुको सहभागिता हुनु पर्ने र प्रर्थनाले आत्माको शान्ति हुनुका साथै, शारीरिक अभ्यास र स्वास्थ्य रहन सकिने भएकोले केही समय निकालेर नमाजलाई प्राथमिकता दिनु पर्ने उनले बताए ।

समितिको अग्रसरतामा मस्जिदको लागि स्थानीयले नगद, बाटोको लागि जग्गा समेत दान गरेकोले निर्माणको काममा सबैलाई तन मन धनले सहयोग गर्न अपिल गरेको छ ।

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
उज्वल जोशी
Medical Technologist
जोशी प्याथोलोजी क्लिनिक
अस्पताल लाईन, भैरहवा

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
वज अटो प्रा.लि. परिवार
भैरहवा, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
एसियन फर्मास्युटिकल प्रा.लि
कटहिया, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सौभाग्य स्टोर्स परिवार
गल्लामण्डी, भैरहवा

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली
तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण
शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक
तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भैरहवा नमुना उच्च मा.वि. परिवार
भैरहवा, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लुम्बिनी यातायात व्यवसायी संघ परिवार
भैरहवा, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ठाकुर श्रेष्ठ
अध्यक्ष (तथा)
सिद्धार्थ उद्योग वाणिज्य संघ परिवार
भैरहवा, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली
तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण
शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तक
तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मिनर्वा हाई ई. बोर्डिङ स्कुल परिवार
सिद्धार्थनगर, लखनचोक

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण शेयर सदस्य कर्मचारी एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति,
समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
सिताराम उप्रेथि
अध्यक्ष (तथा)
श्री दर्शन बहुउद्धेश्यीय सहकारी संस्था लि.
परिवार सिद्धार्थनगर, देवकोटा चोक

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विवेक सुनार
प्रोपाइटर (एवम्)
श्री गणपति ज्वेलर्स
सिद्धार्थनगर-१३, बैंक रोड

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
देविराम सि. पौडेल
प्रोपाइटर (एवम्)
देविराम एण्ड सन्स सुन चाँदीका गहना पसल
बैंकरोड, सिद्धार्थनगर, रुपन्देही

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
श्री गणेश ज्वेलर्स
सिद्धार्थनगर, मिलनचोक

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी,
शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश
विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पवन मिष्ठान भण्डार
भैरहवा शाखा, बुटवल वि.पि. चोक

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com